बैठक संख्या -३९

आजमिति २०७७।०५।०९ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned by CamScanner

प्रस्तावहरु

प्रस्ताव नं. १ राजपत्र तथा कानुन संग्रह प्रकाशन सम्बन्धमा ।

प्रस्ताव नं. २ एम्बुलेन्स संचालन समितिको खातामा रकम रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ पुर्ण लाभ ग्राहीमा समावेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ४ सेवा करार सम्बन्धमा ।

प्रस्ताव नं. ५ कर्मचारीहरुलाई जोखिम भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ६ घर भाडा सम्बन्धमा ।

प्रस्ताव नं. ७ बालुवा लिलाम विक्रि गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ ट्रस्ट निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ९ डि.पि. आर तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० कोभिड –१९ को रोकथाम र नियन्त्रण गर्ने आवश्यक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ११ तारजाली खरिद सम्बन्धमा ।

प्रस्ताव नं. १२ विपद् व्यवस्थापन कोषबाट भएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ उत्तरगया गाउँपालिका कोभिड –१९ आकस्मीक योजना, लकडाउन पश्चात सेवा प्रभाह गर्दा पालना गर्नु पर्ने आचारसहिता, होम क्वारीन्टीन मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. १४ कोभिड–१९ संक्रमित मृत्युपश्चात दाहासंस्कार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ अत्यावश्यक सेवा वाहेक अरु सेवा बन्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १६ विस्थापित घर परिवारलाई राहत उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं. १७ कानुनी सहजकर्ता करार सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका गाउँसभा तथा कार्यपालिकाबाट विभिन्न मितिमा पारित भएका ऐन, नियम र कार्यविधिहरु राजपत्र तथा कानून संग्रहमा प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरि विहान वेलुका उक्त

Scanned by CamScanner

समितिबाट कार्य सम्पादन गराई बैठक भत्ता समेत उपलब्ध गराउन यस गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा एम्बुलेन्सको खर्च व्यवस्थापनका लागि गाउँपालिको विपद व्यवस्थापन कोषबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चानल तथा व्यवस्थापन कोषमा रु. १,००,०००।– (अक्षेरुपी एक लाख मात्र) रकमान्तर गर्ने साथै आ.व ०७६।०७७ को असार महिनामा विपद् व्यवस्थापन कोषबाट रकमान्तर गरिएको रु. ५० हजार लाई खर्चलाई स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०७२ को विनाशकारी भुकम्पका कारण घरबार क्षति भएको र पटक पटक सर्वेक्षण हुँदा समेत भुकम्प पिडित पुनर्निर्माण लाभग्राहि सूचिमा नाम समावेश भई नआएको साथै निज र निजको परिवारको नामा अन्यत्र कहि कितै पनि बस्न योग्य घर नभएको हुँदा तपशिलका व्यक्तिहरुलाई भुकम्प पिडित लाभग्रहीको लागि सिफारिस गरि पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.स | नाम | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | राम प्रशाद लामिछाने | उत्तरगया ५ कैदलेटार | ५७०३१।०३२ | |
| २ | रामकृष्ण प्याकुरेल | उत्तरगया ५,वोगटीटार | ३८५३।२०४ | |

**निर्णय नं. ४ प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत २ नं. वडा कार्यालय र ठुलोगाउँ स्वास्थ्य चौकीमा कार्यालय सहयोगी सेवा करारमा लिने भनिएकोमा, कृषी सेवा केन्द्र लहरेपौवामा थप १ जना कार्यालय सहयोगी गरि जम्मा ३ जना कार्यालय सहयोगी सेवा करारमा लिन साथै स्वास्थ्य कर्मी (ल्या.अ र अ.हे.व) सेवा करारमा लिन बजेट विनियोजन भएकोमा उक्त पदको समेत सेवा करार लिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५** माथि छलफल गर्दा अझै पनि देश बन्दाबन्दी (Lock Down) को अवस्थामा नै रहेको तथा कोरोना भाइरसको रोकथाम र नियान्त्रण गर्ने सन्दर्भमा यस उत्तरगया गाउँपालिकाका स्वास्थ्यकर्मि, प्रहरी कर्मचारी तथा अन्य कर्मचारीहरु (वडा सचिब) ले जोखिमपूर्ण कार्य गरि विहान, बेलुका, सार्वजानिक विदा र कार्यालय समयमा क्वारेन्टीन स्थलको व्यवस्थापकिय कार्यमा खटिएकाले निज कर्मचारीहरुको उच्च मनोबल कायम गर्न मिति २०७७।०४।०१ गते देखि प्रोत्साहन स्वरुप कार्य दिनको आधारमा प्रति दिन रु. ५ सय (नियम अनुसार कर कट्टी गरि) जोखिम भत्ता उपलब्ध गराउने (स्वास्थ्य कर्मचारी तथा प्रहरी कर्मचारीको हकमा नेपाल सरकारबाट छुट्टै जोखिम भत्ता उपलब्ध गराएमा यो रकम कट्टा गराई बाकि रकम भुक्तानी गरिने छ,) साथै क्वारीन्टीनमा बस्ने व्यक्तिहरुको हकमा बसोबास भएको प्रति दिन साविक बमोजिम रु. २५०। खाजा खाना वाफत खर्च गर्ने

Scanned by CamScanner

र सोको खर्च विपत व्यवस्थापन कोषबाट लेख्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिकाले कार्यालय संचालनका लागि लिइएको घर, कर्मचारी आवास तथा जिन्सी स्टोर सहितको लागि लिइएका घरहरुलाई नै यथावत /निरन्तरता दिने र आवश्यकताको आधारमा थप घर भाडा लिनु परेमा कार्यालयले आवश्यक महशुस गरेमा घर भाडामा लिन सक्ने गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ प्रस्ताव नं. ७** माथि छलफल गर्दा प्रदेश सरकारबाट खोलाबाट उत्खनन गर्न प्रति क्यु फि. रु. ९ का दरले उल्लेख भएकोमा यस गाउँपालिकाबाट प्रति क्यु.फि. रु ९ र निकासी वापत रु.६ गरी जम्मा १५ रुपैयाँमा यस गाउँपालिकाको वडा नं. १ र २ को विभिन्न ठाउँमा त्रिशुली नदी किनारबाट अनाधिकृत रुपमा उत्खनन गरी जम्मा गरीएको २,०५,३४६।७३ घनफिट बालुवा लिलाम बढाबढ गर्न प्रथम पटक सुचना प्रकाशन गरी पुन:मिति ०७६।०८।२९ र मा दोस्रो तथा तेस्रो पटक सूचना प्रकाशित गर्दा समेत कसैबाट लिलाम बढाबढ बोलपत्र साकार नगरेको साथै उक्त बालुवा हानी नोक्सानी तथा चोरी समेत हुने सम्भावनालाई मध्यनजर गरी उक्त बालुवा २,०५,३४६।७३ घनफिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रति घनफिट रु. ९ (नौ) मात्र तोकी (निकासी वापतको कर नलिने) सो मुल्यमा पुन ७ दिने तथा ३ दिने सुचना प्रकाशन गरी बढी मुल्य साकार गर्ने व्यक्ति, फर्म वा कम्पनी सँग सम्झौता गरी एक मुष्ठ रकम भुक्तानी भए पश्चात उक्त बालुवा निकासी गर्न इजाजत दिने गरि निर्णय भई तेस्रो पटक सूचना प्रकाशन भएकोमा कोहि कसैबाट लिलाम प्रकृयामा सहाभागी नभएको हुँदा उक्त बालुवा लिलाम बढाबढमा गर्न पुन: ३ दिनको लिलाम बढाबढ सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ प्रस्ताव नं. ८** माथि छलफल गर्दा कोभिड–१९ (कोरोना भाइरस) को प्रकोपको रोकथाम र नियन्त्रण गर्ने क्रममा वडा नं. ५ स्थित निलकण्ठ मा.वि बोगटीटारमा क्वारेन्टीन स्थापना गर्दै आएकोमा विद्यालय रहेको स्थान भन्दा बाहिर सामुदायिक स्वास्थ्य भवनमा क्वारेन्टीन स्थापना र संचालन गर्ने र सो भवनमा कोठा संख्या अपुग भएको हुनाले सोहि भवनको छतमा ट्रस्ट बनाउन विपद् व्यवस्थापन कोषबाट रु ५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ प्रस्ताव नं. ९** माथि छलफल गर्दा गाउँ कार्यपालिकाको बैठक संख्या ३१ मिति २०७६।११।३० मा नया पुल–पैरेवेशी–भलायाडाँडा–कुवापानी–ढकाल टोल–मनीगाउँ सम्मको सडकको डि.पी.आर तयार गर्ने निर्णय भएकोमा आ.ब. २०७६।०७७ मा उक्त कार्य सम्पन्न नभएकोले यस आ.ब २०७७।०७८ मा डि.पी.आर निर्माण कार्य यसै परामर्श सेवा कार्यबाट छुट्याइएको बजेटबाट रु. ३ लाख सम्म खर्च गर्ने गरि उक्त कार्य गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १०** माथि छलफल गर्दा कोभिड–१९ को प्रकोप दिनानुदिन बढ्दै गएको अवस्था र यसले जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने हुँदा कोभिड–१९ को प्रकोपको तत्कालै व्यवस्थापन

Scanned by CamScanner

गर्न आवश्यक पर्ने जिन्सी सामाग्री लगायत अन्य व्यवस्थापकिय कार्य गर्न हुने खर्चहरुको लागि आवश्यक पर्ने बजेट विपद् व्यवस्थापन कोषबाट खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ११. प्रस्ताव नं.११** माथि छलफल गर्दा यस वर्षमा भारि वर्षदका कारण विभिन्न स्थानमा भुक्षय भई मानब बस्तीमा समेत असर परेको हुनाले सो भुक्षयको रोकथाम र नियन्त्रणको लागि रु. ५ लाख सम्मको तारजाली खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ प्रस्ताव नं. १२** माथि छलफल गर्दा विश्वव्यापि रुपमा फैलिएको कोभिड–१९ (कोरोना भाइरस) तथा विपद् व्यवस्थापनको क्षेत्रमा भएको राहत खर्च, कर्मचारी खर्च, औषधी खर्च, खाना तथा खाजा खर्च लगातका विविध व्यवस्थापकिय क्षेत्रमा मिति २०७७ असार मसान्त सम्म भएको कुल खर्च रु. ७० लाख ५२ हजार ३ सय ३१ खर्च रुपयाँ विपद् व्यवस्थापन कोषबाट खर्च भएकोमा उक्त खर्च विवरण तथा रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ प्रस्ताव नं. १३** माथि छलफल गर्दा, उत्तरगया गाउँपालिका कोभिड –१९ (कोरोना भाइरस) आकस्मीक योजना, लकडाउन पश्चातको अवधिमा कार्यालयबाट सेवा प्रभाव पालना गर्नु पर्ने आचारसहिता, होम क्वारीन्टीन सम्बन्धी मापदण्ड २०७७ बमोजिम उत्तरगया गाउँपालिकामा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ प्रस्ताव नं. १४** माथि छलफल गर्दा , विश्वव्यापि महामारि कोभिड–१९ को संक्रमण दिनानुदिन बढ्दै गइरहेको र कोभिड–१९ को कारण मृत्युहुने दर पनि बढीरहेको अवस्थामा यस उत्तरगया गाउँपालिका कोभिड–१९ को कारण मृत्यु भएका व्यक्तिहरुको दाहासंस्कार तपशिलका स्थानमा गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. वडा नं. १ मा घुम्तीपाखा

२. वडा नं. २ मा सामुदायिक बन क्षेत्र

३. वडा नं. ३ मा जुकेपानी डाडाँ

४. वडा नं. ४ मा काभ्रखोला दोभान

५. वडा नं. ५ मा बडरे

**निर्याण नं. १५ प्रस्ताव नं १५** माथि छलफल गर्दा विश्वव्यापि महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण देश नै आक्रान्त भइरहेको अवस्थामा यस उत्तरगया गाउँपालिकामा पनि कोभिड १९ को जोखिम बढीरहेको अवस्थामा यस उत्तरगया गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालय

Scanned by CamScanner

कार्यालयहरु तथा अन्य संघ संस्थाहरु बाट उपलब्ध हुने अत्यावश्यक सेवा (स्वास्थ्य सेवा, ऐम्बुलेन्स सेवा, सरसफाई सेवा र खाद्यान्य) वाहेकाका अन्य सेवाहरु मिति २०७७०५।१० देखि २०७७०५।२० गते सम्म बन्द गर्ने  निर्णय गरियो ।

**निर्णय नं. १६ प्रस्तावन नं. १६** माथि छलफल गर्दा वडा नं. २ स्थित नया बस्ती माथि ठूलो ढुंङ्गा लडेर बस्ती जोखिममा रहेको र हाल उक्त बस्ती स्थानान्तरण गर्नु पर्ने देखिएको हुँदा उक्त बस्तीबाट विस्थापित उत्तरगया गाउँपालिका वडा नं. २ बस्ने गोकर्ण अधिकारीलाई तत्कालीन बसोवास व्यवस्था गर्न आवश्यक पर्ने  एकमुस्ट रकम रु.२० हजार  राहत स्वरुप प्रदान गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १७ प्रस्ताव नं. १७** माथि छलफल गर्दा, प्रदेश सरकारबाट सेवा करारमा नियुक्ति भई यस उत्तरगया गाउँपालिकामा सहायक पाँचौ तहमा कार्यरत श्री निर्मला पन्थी लाई २०७७ साउन १ देखि निरन्तरता नदिने भएकोले न्यायिक समितिमा कामकाज गर्न अतिवाश्यक भएको हुँदा निजलाई सहायक चौथो तहमा कानुनी सहजकर्ता पदमा सो पदले पाउने न्युनतम तलब स्केल पाउने गरि सेवा करारमा निरन्तरता दिन उत्तरगया गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner